म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २१५ २०८१ असार १३ गते बिहीबार 27 June 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

गर्मी मौसममा मलेरिया,कालाजार,डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउन झिंगा,लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेशसभा

# बजेटमाथि सांसदहरुको चर्को असन्तुष्टि




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठकमा सरकारको बजेटमाथि सांसदहरुले विरोध गरेका छन् । बजेट सन्तुलन नभएको, व्यक्ति केन्द्रित बजेट विनियोजन गरेको, बजेटमा बिचौलिया हावी भएको भन्दै उनीहरुले विरोध जनाएका हुन् ।

बुधबार बसेको प्रदेशसभा बैठकमा सरकारको आगामी आर्थिक वर्षको बजेटमाथि छलफलमा भाग लिँदै प्रतिपक्ष र सत्तापक्षका अधिकांश सांसदले बजेटमाथि चर्को असन्तुष्टि व्यक्त गरेका हुन् । बुधबार बसेको २ वटा बैठकमा बजेटमाथिको छलफलमा सत्तापक्षका ११ र प्रतिपक्षका २८ जना सांसदले धारणा राखेका थिए ।

बैठकमा बोल्दै सत्तारुढ दल नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले सरकारको बजेटमा सबै सांसदहरु असन्तुष्ट रहेको बताउनुभयो । सरकारले सांसदहरुको असन्तुष्टिका विषयको कारण खोज्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । सरकारले विगत वर्षदेखि एउटै सूत्र प्रयोग गरेर काम गरिरहेको र फरक नतिजाको अपेक्षा खोजिरहेको उहाँको भनाइ छ । सरकारले नीतिगत समस्या, योजना छनोट प्रक्रियामा कमजोरी गरेको उहाँले औंल्याउनुभयो । मन्त्री र कर्मचारीको उच्च आकांक्षाका कारण बजेटमा बिचौलियाको प्रवेश भएको उहाँले बताउनुभयो ।

बैठकमा छलफलमा भाग लिँदै सत्तारुढ दल नेकपा माओवादी केन्द्र बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले मौका पर्दा आफ्नोमात्र दुनो सोझ्याउनु नेतृत्वको निकृष्टता हुने टिप्पणी गर्नुभयो । उहाँले नेतृत्वले युग बदल्ने, कर्तव्य पालन गर्ने वा परिस्थितिको सामना गरेर अघि बढ्न खोज्ने काम गर्नुपर्ने बताउनुभयो । परिस्थितिलाई नियन्त्रण गरेर नयाँ ढंगबाट नेतृत्व अघि बढ्नुपर्ने उहाँको धारणा छ ।

दीर्घकालीन रणनीतिक योजनाको विषयमा सरकारमा भएकाले गम्भिरतापूर्वक ध्यान दिनुपर्ने उहाँको भनाइ छ । उहाँका अनुसार प्रदेश सरकारको बजेटमा विगतको निरन्तरताकै शिलशिला रहेको छ । प्रदेशसभामा भइरहेको बहसमाथि अनुसन्धान गर्नुपर्ने उहाँले बताउनुभयो । अध्यक्ष पौडेलले मन्त्रालयको पुनःसंरचना गर्नुपर्ने बताउनुभयो । केही करोडको योजनासमेत बनाउन नसक्ने मन्त्रालयको मन्त्री किन हुने ? उहाँले प्रश्न गर्नुभयो । नीति तथा कार्यक्रम महत्वाकांक्षी ल्याउने अनि बजेट ५० लाख बाँड्ने काम गर्न नहुने उहाँको भनाइ छ ।

सत्ता साझेदार दल नेकपा एमालेका सांसद डा. दिनेशचन्द्र देवकोटाले सरकारका कारण संघीयता कार्यान्वयनमा चुनौती आएको बताउनुभयो । प्रदेश सरकारको गतिविधि र क्रियाकलापले हुर्कँदै गरेको संघीयतामाथि चुनौती थपिदिएको उहाँको भनाइ छ । बजेटको सन्दर्भमा कार्यशैली, कार्यक्षमता अभिवृद्धिमा सरकारले चिन्तन गर्नुको साटो आफ्नो क्षेत्र केन्द्रित भएको उहाँको आरोप छ । उहाँका अनुसार दलका नेताहरु कुना/कुनामा बसेर बजेट आ-आफ्नो क्षेत्रमा लैजाने काम भइरहेको छ । यसतर्फ सचेत हुनुपर्ने र गलत प्रवृत्ति सच्याउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

'समग्र प्रणालीलाई हेर्दा समस्याको बीचबाट अहिलेको बजेट आएको छ । आर्थिक मन्दीका कारण राजस्व उठाउन नसकिरहेको, राष्ट्रिय पुँजी निर्माणमा चुनौती रहेको परिस्थिति छ । यस्तो अवस्थामा कस्तो बजेट ल्याउने भन्ने विषयमा सरकारले सोच्न आवश्यक रहेको थियो । तर, हुन सकेन । यो प्रणालीलाई परिवर्तन गर्न जरुरी छ ।' उहाँले भन्नुभयो ।

बैठकमा एमाले सांसद कृष्णप्रसाद सापकोटाले बजेटलाई सन्तुलन गर्न नसक्दा व्यवस्थाप्रति प्रहार भइरहेको बताउनुभयो । सरकारले बजेटमा भौगोलिक अवस्थालाई बेवास्ता गर्दा संघीय व्यवस्थामा चुनौती थपिएको उहाँले बताउनुभयो । उहाँले संसदीय व्यवस्थालाई जनताप्रति जवाफदेही बनाउनुपर्ने धारणा राख्नुभयो । बजेटलाई मन्त्री र पहुँचवाला सांसद केन्द्रित गरेको उहाँको भनाइ छ ।

### बजेट फिर्ता गर्न मन्त्रीको खाता नम्बर खोज्दै कांग्रेस

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सांसदहरुले बजेटमाथिको असन्तुलन र त्रुटि सच्याउन माग गर्दै सरकारको आलोचनामा उत्रिएका छन् । कांग्रेस सांसदहरु बजेट मन्त्री र सरकारको व्यक्तिगत सम्पत्तिसरह प्रयोग भएको भन्दै विरोधमा उत्रिएका हुन् ।

बजेटमाथि असन्तुष्टि राख्दै कांग्रेस सांसदहरुले बजेट बराबरको रकम फिर्ता गर्न मन्त्रीहरुको बैंक खाता नम्बरसमेत माग गरेका छन् । बजेटमा आफ्नो जिल्ला र निर्वाचन क्षेत्रका योजना नसमेटिएको भन्दै कांग्रेस सांसद प्रभात तामाङले सो बापतको रकम फिर्ता गर्न मन्त्रीहरुको खाता नम्बर माग गर्नुभएको हो । 'खेलकुद मन्त्रालयबाट रसुवामा ५ लाख रुपैयाँ विनियोजन गरिएको छ । खाता नम्बर दिनुस्, रसुवाको जनताले ७ रुपैयाँ फिर्ता गरे पुग्ने देखिन्छ । उद्योग मन्त्रालयले र सुवामा १५ लाख रुपैयाँ विनियोजन गरेको छ । उद्योग मन्त्रीलाई रसुवाका नागरिकले २१ रुपैयाँ फिर्ता गरे पुग्ने रहेछ । रसुवाका जनताले मलाई त्यति गर्न सक्छु भनेर जिताएका हुन् ।' उहाँले भन्नुभयो ।

प्रदेश सरकारको बजेटले भौगोलिक सन्तुलन कायम गर्न नसकेको उहाँले बताउनुभयो । उहाँले प्रदेशका नागरिकहरुलाई विभेद गरेर बजेट ल्याएको बताउनुभएको हो । प्रदेशका मन्त्रीहरुले व्यक्तिगत सम्पत्तिजस्तो गरेर राज्यको ढुकुटीमा हालीमुहाली गरेको उहाँको भनाइ छ । सरकार र मन्त्रीहरुले बजेटमा भौगोलिक सन्तुलन कायम भएको प्रमाणित गरे सांसद पदबाट राजीनामा दिने उहाँले चुनौती दिनुभयो ।

कांग्रेस सांसद उर्मिला नेपालले प्रदेश सरकारको बजेट राजस्व उठाउन सक्ने, खर्च गर्न सक्ने क्षमताभन्दा बढी रहेको बताउनुभयो । उहाँले बजेटको प्रत्यक्ष असर भुक्तानी प्रणालीमा पर्ने बताउनुभयो । स्थानीय तह र वडाहरुले ल्याएको जस्तो बजेट आएको उहाँको भनाइ छ । बजेटलाई मन्त्रीहरुले जनताको विश्वासमाथि खेलबाड गर्दै आफ्नो क्षेत्रमा खन्याएका उनको भनाइ छ । प्रदेश सरकारले केन्द्रले निर्धारण गरेको योजनामा बजेट हालेर थुप्रै दायित्वहरु बोकाउने काम गरेको उहाँले बताउनुभयो । स्वार्थ केन्द्रित, क्षेत्र केन्द्रित भएर प्रदेशमा अनावश्यक दायित्व बढाउने काम गरेको उहाँको भनाइ छ ।

प्रतिपक्ष दल राप्रपा संसदीय दलका उपनेता गिरबहादुर तामाङले सरकारको नीति तथा कार्यक्रम र बजेटमा तादात्म्य मिलाउन नसकेको टिप्पणी गर्नुभयो । सरकारले कृषि विकासका लागि पर्याप्त बजेट विनियोजन नगरेर कृषकहरुलाई अवरोध गरेको उहाँको भनाइ छ । प्रदेश लोकसेवा आयोगलाई प्रदेश सरकारले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेर काम भने ५ लाखको गर्ने तयारी गरेको उहाँको भनाइ छ । यसले प्रदेश लोकसेवा आयोगको काम र जिम्मेवारीबाट कस्तो उपलब्धी सरकारले खोजेको हो ? उहाँले प्रश्न गर्नुभयो । प्रदेश सरकारले लोकसेवा आयोगलाई जिम्मेवार बनाएर रोकिएका परीक्षाहरुको नतिजा सार्वजनिक गरेर विद्यार्थीको भविष्यलाई निकास दिनुपर्ने सांसद तामाङले बताउनुभयो ।

### मन्त्रीहरूको बढुवा र घटुवा गर्न सांसद गोसाईंको माग

प्रतिपक्ष दल नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले मन्त्रीहरुको बढुवा र घटुवा गर्न माग गर्नुभएको छ । उहाँले प्रदेश सरकारको बजेटलाई जिल्ला र क्षेत्र केन्द्रित गरेर विनियोजन गरेको भन्दै उनीहरुको बढुवा वा घटुवा गर्न माग गर्नुभएको हो ।

बजेटलाई सांसद र मन्त्रीको मतअनुसारको अंकमा वितरण गर्न आग्रह गर्नुभयो । सजिलो उपाय खोजेर दल र जातीयरुपमा बजेट विनियोजन गरेर अघि बढ्न उहाँले सरकारलाई चेतावनी दिनुभयो । अहिलेको प्रदेशको आवश्यकताअनुसार प्रदेश सरकारले काम नगरेको उहाँले बताउनुभयो ।

'जिल्ला हेरेर बजेट विनियोजन गर्ने मन्त्रीहरुलाई जिल्ला समन्वय समितिको प्रमुख बनाए हुन्छ', नेता गोसाईले भन्नुभयो- 'क्षेत्र हेर्ने मन्त्रीहरुलाई वड सदस्यमा बढुवा वा घटुवा के गर्ने हो गरौं ।' उहाँका अनुसार समाजवाद भनेको विभेदरहित, शोषणरहित, सुसंस्कृत समाजको निर्माण हो । पछिल्लो समय नेतृत्वले समाजवादलाई फरक व्याख्या गर्दै अर्को मोडमा लगिरहेको उहाँको भनाइ छ । उहाँले बजेटमा थुप्रै चुहावट रहेको र बजेटमा घुमाएर गरिने बेइमानीको अन्त्य हुन नसकेको बताउनुभयो ।

## हेटौंडामा प्रमुख प्रशासकीय अधिकृत आए

# उच्च पदका कर्मचारीले हेटौंडा छाड्दै




प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई स्वागत गर्दै कर्मचारी ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतमा सूर्यप्रसाद गौतम आउनुभएको छ । गौतमलाई बुधबार कर्मचारीले स्वागत गरेका छन् । नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँसहित प्रवक्ता, नगर कार्यपालिका सदस्यहरु भने स्वागत कार्यक्रममा सहभागी थिएनन् । यसअघि रामबाबु पुरीलाई नगर उपप्रमुख राजेश बानियाँले स्वागत गर्नुभएको थियो भने विदाई भव्य नगर सभामा भएको थियो । पुरीको विदाईमा नगरप्रमुख, उपप्रमुखदेखि कर्मचारीको बाक्लो उपस्थितिमा भएको थियो ।

यसअघिका प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी असार ७ गते विदाई भएर जानुभएको थियो । हेटौंडा उपमहानगरको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाले लगत्तै पुरी हेटौंडा छाड्ने मनस्थितिमा हुनुहुन्थ्यो । ३ महिना १६ दिनको दिन पुरीले हेटौंडा छाड्नु भएको हो । आर्थिक बर्षको अन्तिममा प्रमुख प्रशासकीय अधिकृतले कार्यालय छाड्नुलाई असामान्यरुपमा हेरिएको छ । सरुवा भएर जाने पुरी सहसचिव हुनुहुन्थ्यो भने सरुवा भएर आउने गौतम उपसचिव हुनुहुन्छ । काभ्रे जिल्लाको पाँचखाल नगरपालिकाबाट सरुवा भएर हेटौंडा आउनुभएको हो ।

नगरप्रमुख र उपप्रमुखको समन्वय, सहकार्य र कर्मचारी प्रशासनसँग आवश्यक सहजीकरणको अभावमा हेटौंडा उपमहानगरमा उच्च पदका कर्मचारीहरु लामो समय टिक्न गाह्रो छ । यसअघि वित्त व्यवस्थापन महाशाखा प्रमुख अनिरुद्र नेपाल, आर्थिक विकास महाशाखाकी प्रमुख राजेश्वरी शाही पनि हेटौंडा उपमहानगर छाडेर जाँदै हुनुहुन्छ । अनिरुद्र नेपालले सरुवा लिएर जानुभएपछि वित्त व्यवस्थापन महाशाखाको जिम्मेवारी पनि महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले लिइरहनुभएको छ । उपमहानगरले जिम्मेवारी पनि हेरफेर गरेको छ । राजश्व शाखाका प्रमुख श्याम कुमार श्रेष्ठको ठाउँमा जनगन्नाथ सापकोटालाई जिम्मेवारी दिइएको छ । आर्थिक बर्षको अन्त्यमा राजश्व शाखाका प्रमुख हेरफेर गरिएको हो ।



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# बजेटमा नवीनता अभाव

साउन १ गतेबाट सुरु हुने नयाँ आर्थिक वर्षका लागि असार १० गते धेरैजसो स्थानीय तहले गाउँ/नगरसभामा बजेट पेश गरेका छन् । मकवानपुरका १० वटा स्थानीय तहमध्ये ६ वटाले १० गते नै बजेट पेश गरेका हुन् । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले त्यसअघि नै बजेट सार्वजनिक गरिसकेका थिए भने बजेटमा विवाद भएपछि बागमती गाउँपालिकाको बजेट पेश गर्ने कार्य स्थगित भएको छ । देशभरका ७ सय ५३ स्थानीय तहमध्ये ५० वटा स्थानीय तहले तोकिएको समयभित्र बजेट ल्याउन सकेका छैनन् । पालिका नेतृत्वले तयार पारेको बजेटमा विवाद भएपछि र अन्य कारण ती पालिकाले बजेट ल्याउन नसकेका हुन् । बजेट ल्याएका सबैजसो स्थानीय तहको बजेट पुरानै ढर्रामा आएका छन् । मकवानपुर जिल्लाका ९ वटा स्थानीय तहको बजेटमा पनि नवीन कार्यक्रम र सोच खासै पाइएको छैन । सबैजसो पालिकाले परम्परागत शैलीकै कार्यक्रमका लागि बजेट विनियोजन गरेका छन् ।

अहिलेको स्थानीय तहहरु साधन, स्रोत र अधिकारसम्पन्न छन् । संघीयता कार्यान्वयन अघिका स्थानीय निकाय जस्तो अहिलेको स्थानीय तह छैनन् । स्थानीय तहको बजेटको मुख्य स्रोत अहिले पनि संघीय र प्रदेश सरकारले दिने विभिन्न शीर्षकका अनुदान तथा अन्य रकम नै हो । तर, पनि कतिपय स्थानीय तहहरुले आफ्नो आन्तरिक आम्दानी तथा राजश्व बाँडफाँडबाट राम्रै स्रोत जुटाइरहेका कारण बजेटको आकार आकर्षक देखिन्छ । मकवानपुर जिल्लाका ९ वटा स्थानीय तहले आगामी आर्थिक वर्षका लागि करिब ८ अर्ब रुपैयाँको बजेट प्रस्तुत गरेका छन् । जिल्लाका स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिकाले २ अर्ब ४३ करोड रुपैयाँको बजेट पेश गरेको छ । थाहा नगरपालिकाले करिब ९२ करोडको बजेट ल्याउँदा मनहरी गाउँपालिकाले ९० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको छ । यस्तै, राक्सिराङ गाउँपालिकाले झण्डै ५५ करोड रुपैयाँको बजेट ल्याएको छ । कैलाश गाउँपालिकाले ४९ करोड रुपैयाँको बजेट ल्याउँदा मकवानपुरगढीले ५८ करोड रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको हो । यसैगरी भीमफेदी गाउँपालिकाले ७४ करोड रुपैयाँको बजेट ल्याएको छ भने बकैया गाउँपालिकाले ९२ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

बजेट सार्वजनिक गरेका सबैजसो स्थानीय तहले विगतको जस्तै कार्यक्रम र योजनाका लागि बजेट विनियोजन गरेका छन् । संघीय तथा प्रदेश सरकारले उपलब्ध गराउने सशर्त अनुदानलाई तोकिएकै काममा खर्च गर्नुपर्ने बाध्यता रहे पनि पालिकाको आन्तरिक आम्दानी र अन्य स्रोत तथा शीर्षकमा प्राप्त रकमलाई पालिकाले उपयुक्त कार्यक्रम र योजनामा खर्च गर्न सक्छन् । नीति तथा कार्यक्रम र बजेटमा खासै नयाँपन दिन नसके पनि केही पालिकाको नीति तथा कार्यक्रम र बजेटमा केही सकारात्मक कार्यक्रमहरु समावेश गरिएका छन् । विवादका कारण बजेट सार्वजनिक हुन नसकेको बागमती गाउँपालिकाले आफ्नै लगानीमा क्रसर उद्योग सञ्चालन गर्ने नीति तथा कार्यक्रम ल्याएको छ । बकैया गाउँपालिकाले कृषि औद्योगिक ग्राम सञ्चालन गर्न केही बजेट विनियोजन गरेको छ । भीमफेदी गाउँपालिकाले कक्षा ८ सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउने भएको छ भने मकवानपुरगढीले कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने भएको छ ।

हरेक नयाँ आर्थिक वर्षमा सबै तहका सरकारले नीति तथा कार्यक्रम र बजेट पेश गरी पारित गराउनुपर्छ । सरकारले नीति तथा कार्यक्रम र बजेट बनाउँदा विगतको अवस्थाको समीक्षा गरेर भविष्यको आवश्यकतामा ध्यान दिनुपर्छ । तर, संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारले दलीय तथा व्यक्तिगत स्वार्थ र प्रभावमा परेर तजबिजी बजेट ल्याउने परिपाटीले नवीन र प्रभावकारी कार्यक्रमले प्राथमिकता पाउने गरेको छैन । गाउँ, टोल, बस्तीका समस्या तथा मागहरु समेट्दै बजेट बनाउँदा टुक्रे योजना र वितिरणमुखी कार्यक्रममा बजेट केन्द्रित हुने गरेको छ । स्थानीय तहहरुले प्रभावकारी र नवीनतम योजना तथा कार्यक्रम चयन गरी उचित बजेट विनियोजन गर्न नसक्दा बजेटप्रतिको उत्साह कम हुँदै गएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : प्रयत्नले काममा पूर्णता प्राप्त हुने समयको योग छ । |
| **वृष** | : घुमघाम र यात्रामा रमाइने समयको योग छ । |
| **मिथुन** | : अहंकार त्याग गर्दा राम्रो रहने समयको योग छ । |
| **कर्कट** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समयको योग छ । |
| **सिंह** | : स्वास्थ्य समस्याले धन आघात हुने समयको योग छ । |
| **कन्या** | : कर्मप्रतिको निष्ठा भावना वृद्धि हुने समयको योग छ । |
| **तुला** | : पेशा र नोकरी प्रति त्यति अनुकुल नबन्ने योग छ । |
| **वृश्चिक** | : रोकिएका कामहरु बन्ने समयको योग रहेको छ । |
| **धनु** | : धार्मिक र सामाजिक काममा सरिक हुने समय रहेको छ । |
| **मकर** | : सामाजिक काममा सरिक भइने समय योग रहेको छ । |
| **कुम्भ** | : घरायसी काममा सरिक र पारिवारीक सहयोग प्राप्त । |
| **मीन** | : आहारबिहारमा ध्यान पुर्‍याउनुपर्ने समयको योग रहेको छ । |

# नयाँ ऋण लिएर पुरानो तिर्नुपर्ने अवस्था

**धर्मराज भट्टराई**




पछिल्लो समय मुलुकको वित्तीय अवस्था अनुकूल बन्न सकेको छैन । देशभित्र उठेको राजस्वले मुलुकको साधारण खर्चसमेत धान्न नसकेको अवस्था छ। सरकारले प्राप्त गर्ने कर तथा गैरकर राजस्वले दैनिक प्रशासनिक खर्चसमेत धान्न नसक्दा अहिले मुलुक वित्तीय व्यवस्थापनको दबाबबाट गुज्रिरहेको देखिन्छ । सरकारको आम्दानीको स्रोत अपर्याप्त भएपछि आय र व्ययबीचको खाडल परिपूर्ति गर्न सार्वजनिक ऋणलाई बलियो हतियारका रूपमा प्रयोग गरिएको छ । आन्तरिक एवम् बाह्य स्रोतबाट संकलन गरिएका यस्ता ऋण बढ्दै जाँदा बर्सेनि सरकारको दायित्वसमेत बढ्दै गएको छ । अहिले सरकारले सार्वजनिक ऋण तिर्नसमेत ऋण लिनुपर्ने बाध्यता भएको छ । भर्खरै सार्वजनिक आगामी आवको बजेटमा समेत यसले निरन्तरता पाएको देखिएको छ।

सरकारले आगामी आव २०८१-८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट विनियोजन गरेको जनाएको छ । कुल बजेटको ११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१.३१ प्रतिशत चालु खर्च, ३ खर्ब ५२ अर्ब ३५ करोड अर्थात् १८.९४ प्रतिशत पुँजीगत खर्च र ३ खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९.७४ प्रतिशत वित्तीय व्यवस्थाका लागि छुट्ट्याइएको अर्थमन्त्रीले बताएका छन् । यो आँकडाबाट नै मुलुकमा सार्वजनिक ऋणको भार बढ्दै गएको प्रस्ट देखिन्छ। पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थाका लागि छुट्ट्याइएको रकम ज्यादा हुनुले सरकार सार्वजनिक ऋणको दबाबबाट गुज्रिरहेको सहजै अनुमान लगाउन सकिन्छ । यसैगरी बजेटमा स्रोत व्यवस्थापनका लागि सरकारले १२ खर्ब ६० अर्ब ३० करोड राजस्वमार्फत उठाउने लक्ष्य राखेको छ भने बाँकी ५ खर्ब ४७ अर्ब ६७ करोड अपुग रकम अनुदान र ऋणमार्फत जोहो गर्ने लक्ष्य राखेको छ।

सरकारले आगामी आव आन्तरिक तथा बाह्य ऋण भुक्तानीमा ४ खर्ब २ अर्ब ८५ करोड रुपैयाँ खर्च हुने अनुमान गरेको छ। यो रकम बजेटको करिब साढे २१ प्रतिशत हिस्सा हो। अर्थमन्त्रालयका अनुसार आगामी वर्ष आन्तरिक ऋणको भुक्तानीमा ३ खर्ब ३६ अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । यो कुल विनियोजित बजेटको १८.११ प्रतिशत हो। यसैगरी वैदेशिक ऋण (द्विपक्षीय) को भुक्तानीमा १७ अर्ब २३ करोड खर्च हुने भएको छ।

यस्तै वैदेशिक ऋणतर्फ बहुपक्षीय ऋणको भुक्तानीमा ४८ अर्ब ६५ करोड रुपैयाँ खर्च हुने अर्थमन्त्रालयको अनुमान छ । यसरी वैदेशिक ऋणको भुक्तानीमा विनियोजित बजेट कुल बजेटको ३.५५ प्रतिशत हुन आउने देखिएको छ । यो रकम धेरै मन्त्रालयका लागि छुट्ट्याइएको रकमको कुल योगभन्दा पनि धेरै हुन आउँछ। आगामी आवको बजेटमा सरकारले राजस्व र वैदेशिक अनुदानमार्फत उठाउने लक्ष्य राखेको रकमले चालु र पुँजीगत खर्चका लागि समेत अपुग देखिन्छ। यसै कारण आन्तरिक तथा बाह्य ऋण भुक्तानीका लागि सरकार पूर्ण रूपमा ऋणमा भर पर्नुपर्ने देखिएको छ।

सरकारले पछिल्लो समय लक्ष्यअनुसारको बाह्य ऋण उठाउन नसकेपछि आन्तरिक ऋणलाई प्राथमिकता दिन थालेको देखिएको छ। आगामी आवको बजेटमा सरकारले चालु आवको तुलनामा करिब १ खर्बले बढाएर ३ खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ । चालु आवका लागि २ खर्ब ४० अर्बबराबरको आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य थियो । सरकारका लागि आन्तरिक ऋण तुलनात्मक रूपमा सजिलो देखिए पनि यसले मुलुकको अर्थतन्त्रमा प्रतिकूल असर पार्न सक्ने आकलन गरिएको छ । सरकारले ठूलो रकम आन्तरिक स्रोतबाट उठाउँदा बजारमा तरलता अभाव हुन सक्ने र यसले गर्दा ब्याजदर बढ्न गई लगानी एवम् औद्योगिक गतिविधिमा संकुचन आउन सक्ने भन्दै निजी क्षेत्रले असहमति जनाएका छन् । वर्तमान समयमा आन्तरिक अर्थतन्त्र चलायमान हुन नसकिरहेका बेला सरकारको पछिल्लो निर्णयले थप समस्या बढ्न सक्ने आकलन गरिएको छ।

वर्तमान समयमा सरकारले ऋण भुक्तानीमा मात्र नभई आफ्नो दैनिक खर्च धान्नसमेत ऋणको सहायता लिनुपर्ने अवस्था आएको छ । यसैले मुलुकको सार्वजनिक ऋणको हिस्सासमेत दिन-प्रतिदिन बढ्दै गएको देखिएको छ । आव ०७५-७६ मा १० खर्ब ४८ अर्ब रहेको सार्वजनिक ऋण आव ०७९-८० सम्म आइपुग्दा दुई गुणाभन्दा बढीले वृद्धि भई २२ खर्ब ९९ अर्ब पुगेको जनाइएको छ । चालु आवको वैशाख मसान्तसम्म आइपुग्दा ९८ अर्ब ८ करोड थप भई कुल ऋण २३ खर्ब ९७ अर्ब पुगेको जनाइएको छ। यस अवधिमा आन्तरिक ऋणको दायित्व ११ खर्ब ८४ अर्ब ४८ करोड रुपैयाँबराबर रहेको छ। यो मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को २०.७६ प्रतिशतबराबर हो।

त्यस्तै बाह्य ऋणको दायित्व १२ खर्ब १२ अर्ब ९५ करोड बराबर पुगेको छ । जिडिपी अनुपातमा यसको दायित्व २१.२६ प्रतिशत बराबर रहेको छ। कुल गार्हस्थ्य उत्पादनका आधारमा सार्वजनिक ऋणको अनुपात ४२.०२ प्रतिशत रहेको देखिएको छ । यो अनुपात तुलनात्मक रूपमा चिन्ताजनक अवस्थामा नरहे पनि ऋणको सही सदुपयोग हुन नसकेको खण्डमा भने अप्रत्याशित आर्थिक दुर्घटना बेहोर्नुपर्ने अवस्थालाई नकार्न सकिँदैन।

सरकारले आफूसँग रहेको स्रोतसाधनको सदुपयोगमा ध्यान नदिने तर मुलुकको वित्तीय खाडल परिपूर्तिका लागि सार्वजनिक ऋणलाई नै सजिलो उपायका रूपमा लिँदै आएको देखिन्छ। सरकारी निकायले खर्च मनपरी गर्ने तर कानुनअनुसार प्राप्त गर्नुपर्ने आम्दानी संकलन नगर्ने प्रवृत्ति बढेपछि बेरुजु उच्च दरले बढ्दै गएको तथ्यांक सार्वजनिक भएको छ। महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदनअनुसार आव ०७८-७९ को तुलनामा गत आवको बेरुजु करिब २३.२८ प्रतिशतले बढेर ११ खर्ब ८३ अर्ब २६ करोड रुपैयाँ पुगेको जनाइएको छ। आव ०७८-७९ मा बेरुजु ९ खर्ब ५९ अर्ब ७९ करोड थियो । यो बेरुजु पनि अघिल्लो वर्षको तुलनामा करिब १६ प्रतिशतले बढेको थियो। आव ०७७-७८ मा कुल बेरुजु ८ खर्ब २९ अर्ब थियो।

कानुनबमोजिम रीत नपुर्‍याई कारोबार गर्ने, लेखा नराख्ने, अनियमित वा बेमनासिब खर्च गर्ने प्रवृत्तिले बेरुजु बढेको निष्कर्ष महालेखाको छ। सरकारको बेरुजु मात्र बढेको छैन, सरकार वित्त व्यवस्थापनमा समेत चुक्दै गएको देखिएको छ। चालु आव सकिन एक महिनाभन्दा पनि कम समय बाँकी रहँदा सरकारी वित्त सवा दुई खर्बभन्दा बढीले घाटामा देखिएको छ । अपेक्षित रूपमा राजस्व संकलन गर्न नसक्नुका साथै पुँजीगत खर्चसमेत बढ्न नसकेका कारण सरकारको आम्दानी र खर्चको अन्तर लगातार फराकिलो बन्दै गएको हो। व्यवस्थापकीय अक्षमता एवम् वित्तीय अनुशासनमा देखिएको कमजोरीका कारण सरकार ऋणको भारी बोक्न बाध्य देखिन्छ।

नेपालजस्ता विकासोन्मुख मुलुकहरुको द्रुततर आर्थिक विकासका लागि सार्वजनिक ऋण अपरिहार्य मानिन्छ। अहिले विकसित देखिएका सबैजसो मुलुकले सुरुका दिनमा सार्वजनिक ऋणकै सहायताले मुलुकमा विकास निर्माणका कार्य गर्ने गरेका थिए। यसैको मद्दतबाट ती देशहरु आजको अवस्थामा पुग्न सफल भएका हुन् । विकासोन्मुख मुलुकहरूमा सरकारले नियमित प्राप्त गर्ने कर तथा गैरकर राजस्वजस्ता आम्दानीका स्रोतले मात्र जनताका आवश्यकतालाई सम्बोधन गर्न अपर्याप्त हुन्छ । यसको परिपूर्तिका लागि सरकारले सार्वजनिक ऋण उठाउने गर्छ।

यसरी ऋण उठाउनुको मुख्य उद्देश्य मुलुकको सामाजिक तथा आर्थिक विकासका लागि आवश्यक भौतिक एवम् सामाजिक पूर्वाधारको निर्माण गर्ने, आधारभूत आवश्यकतामा जनताको सहज एवम् सरल पहुँचको प्रत्याभूति गर्ने, उद्योग-कलकारखानाको विकास गर्दै रोजगारी एवम् आम्दानीका अवसरहरूको सिर्जना गर्ने रहेका हुन्छन् । तथापि, ऋणको उचित सदुपयोग हुन नसकेको वा दुरुपयोग भएको खण्डमा भने यसले मुलुकमा ठूलो आर्थिक दुर्घटना निम्त्याउन सक्छ। यसको ज्वलन्त उदाहरण छिमेकी मुलुक श्रीलंकाले अघिल्लो वर्ष बेहोरेको आर्थिक संकटलाई लिन सकिन्छ । अर्बौं वैदेशिक ऋणको साँवा र ब्याज तिर्न नसक्दा श्रीलंकाले इतिहासकै सबैभन्दा कठिन आर्थिक स्थितिको सामना गर्नुपरेको थियो।

अहिले मुलुकको अर्थतन्त्र रेमिटेन्समा निर्भर देखिएको छ। मुलुकमा भित्रिने रेमिटेन्समा वृद्धि हुँदा अर्थतन्त्रसमेत सकारात्मक देखिने तर रेमिटेन्स कमी भएको समयमा अर्थतन्त्र नाजुक अवस्थाबाट गुज्रिनुपर्ने अवस्थाले अर्थतन्त्रको टेको नै रेमिटेन्स भएको छ । मुलुकका युवावर्ग देशमा रोजगारी नपाएर विदेशमा दुःख गर्दै कमाएको आम्दानी घरपरिवारलाई पठाउनुपर्ने तर यता सरकारले भने दिनप्रतिदिन टाउकोमा ऋणको भारी थप्दै जाने प्रवृत्तिले जताततै निराशा मात्र छाएको देखिन्छ । राज्यको बागडोर सम्हालेका नेतृत्वपंक्ति भने आफ्नो कर्तव्य र जिम्मेवारी भुलेर सत्ताको लुछाचुँडीमा व्यस्त देखिएका छन्। साधनस्रोतको उचित परिचालनबाट जनताका समस्याको कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा उनीहरूको ध्यान गएको देखिँदैन । यसैकारण मुलुकमा ऋण लिएर ऋण तिर्ने प्रवृत्तिले निरन्तरता पाइरहेको देखिन्छ।

सरकारले ऋण तिर्नकै लागि ऋण लिने परम्परा तोड्नका लागि सार्वजनिक ऋणको दरमा भएको वृद्धिसँगै आर्थिक क्रियाकलापमा समेत वृद्धि गर्दै लैजानुपर्ने देखिएको छ। आर्थिक क्रियाकलापमा हुने वृद्धिले मात्र अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सक्ने देखिन्छ । उत्पादनशील क्षेत्रमा उपयोग भएको ऋणले मुलुकको आर्थिक वृद्धि द्रुततर गतिमा अगाडि बढाउन मद्दत गर्छ । आर्थिक र सामाजिक पूर्वाधारका साथसाथै उद्योग एवम् कलकारखानाको निर्माणले अर्थतन्त्र चलायमान बनाउन सक्नेछ । यसले रोजगारी तथा आम्दानीका अवसरहरूको सिर्जना गर्दै मुलुकलाई आर्थिक विकासको गतिमा अगाडि बढ्न सहयोग पुर्‍याउँछ । सार्वजनिक आयको वृद्धिमा समेत यसले ठूलो टेवा पुर्‍याउने सक्ने देखिन्छ । यसपछि मात्र सरकार ऋणमा भर परिरहनुपर्ने बाध्यता हट्न सक्ने आशा गर्न सकिन्छ। *(स्रोत: कारोबारदैनिक)*

# अर्गानिक खानेकुरा कसरी चिन्ने ?



**प्रतिक जोशी**

पछिल्लो समय अर्गानिक खानेकुराप्रति मानिसहरूको मोह बढेको छ । अर्गानिक खानेकुराको माग र लोकप्रियता बढेसँगै अर्गानिक खाद्य स्टोर, अर्गानिक तरकारी तथा फलफूल पसल व्यापक रुपमा खुलेका छन्।

अर्गानिक खानेकुरा स्वास्थ्यसँग सम्बन्धित भएर पनि होला, यसको प्रयोग गर्न मान्छेहरू जति पनि खर्च गर्न तयार हुन्छन् । अर्गानिक खानेकुरा मानिसको मात्र होइन, वातावरण स्वास्थ्यसँग पनि जोडिएको हुन्छ। त्यसैले आजभोलि अर्गानिक खेतीको बारेमा चर्चा हुने गरेको छ।

नेपालमा अर्गानिक खेतीको इतिहासको कुरा गर्ने हो भने सन् १९८० को दशकमा एक जना अमेरिकी रिसर्चर जूडिथ चेज नेपाल आएर भक्तपुरको दधिकोटमा सन् १९८७ मा सानो अर्गानिक गार्डेनको स्थापना गरेको पाइन्छ। त्यही वर्ष उनले 'एप्रोपिएट एग्रिकल्चर अल्टर नेटिभ' नामक एनजीओ स्थापना गरेको पाइन्छ । त्यहींबाट अर्गानिक खेतीको अवधारणा नेपालमा भित्रिएको पाइन्छ । नेपालको पहिलो अर्गानिक जिल्ला भनेर जुम्लालाई घोषणा गरिएको छ।

काठमाडौंसहित अन्य सहरी क्षेत्र वरपर देखिने पशुपालन, तरकारी फर्म कति अर्गानिक हुन् ? तिनको शुद्धता मापन कसरी गर्न सकिन्छ ? ती फार्महरूमा रासायनिक मल र विषादी अनि एन्टिबायोटिकको प्रयोग भएको छैन त ? लगायत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका खाद्य अनुसन्धान अधिकृत प्रतीक जोशीसँग गरिएको अनलाइनखबरकर्मी सुमित्रा लुईटेलले गरेको कुराकानीको सम्पादित अंश :

### अर्गानिक भनेको के हो ?

रासायनिक मल र विषादी नहालिएको, आनुवंशिक रूपमा परिमार्जन नगरिएको र जैविक रुपमा उत्पादन गरिएको खाद्य पदार्थ नै अर्गानिक हो । अर्गानिक उत्पादनमा जैविक मल र रैथाने बीउ बिजन प्रयोग गरिन्छ। त्यस्तै, प्राकृतिक चरन क्षेत्रमा चरेका पशुपन्छीबाट

....बाँकी पृष्ठ ३ मा

# हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभीबाट पहिलो पटक विद्युत् प्रवाह



काठमाडौंः हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनको ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएको छ । नेपालभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तार गर्न यो प्रसारण लाइन बनाइएको हो ।

धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको १५४ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइनलाई मंगलबार बेलुका साढे सात बजे चार्ज गरी सञ्चालनमा ल्याइएको हो । ढल्केबर र इनरुवा ४०० केभी सबस्टेसनमा जोडेर प्रसारण लाइन चार्ज गरिएको हो ।

ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै देशभित्र पहिलोपल्ट ४०० केभीबाट विद्युत् प्रसारण सुरु भएको छ । यसअघि ढल्केबर-मुजफ्फरपुर (भारत) अन्तरदेशीय प्रसारण लाइनबाट ४०० केभीमा विद्युत् आयात-निर्यात हुँदै आएको थियो । अब देशभित्र पनि ४०० केभी प्रसारण लाइनबाट विद्युत् प्रवाह सुरु गरिएको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै मुख्यरूपमा कोशी प्रदेशका तराईका जिल्लाहरूमा विद्युत् आपूर्तिको भोल्टेज सुधार गर्न, समग्रमा देशको प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि हासिल भएको बताए । प्रसारण लाइनले करिब ४ हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्छ ।

हाल सञ्चालमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यात परिमाण अब बढाउन सकिने घिसिङले बताए । अहिले दुई देशबीचको विद्युत् आयात निर्यात परिमाण ८ सय मेगावाट मात्र छ । उनले कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत् ढल्केबर ल्याएर भारतर्फ निर्यात गर्न पनि सकिने बताए ।

मकवानपुरको हेटौंडा उपमहानगर पालिका-११, थानाभन्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसनसम्म २ सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर १३४ किलोमिटर र ढल्केबर-इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ । हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन छ ।

*(स्रोतः अनलाइनखबर)*

# आयुर्वेद केन्द्रबाट १६ हजार भन्दा बढिले लिए सेवा

आरजु सत्याल

हेटौंडाः जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरबाट १० महिनामा १६ हजार भन्दा बढिले सेवा प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८०/०८१ को वैशाख महिनासम्म स्वास्थ्य केन्द्रले १६ हजार ५ सय ४८ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको हो ।

आयुर्वेद स्वास्थ्य केन्द्रले नियमितरुपमा ओपीडी सेवा, विशेषज्ञ ओपीडी सेवा, निःशुल्क औषधी वितरण, सःशुल्क फार्मेसी सेवा, फिजियोथेरापी सेवा, अकुपन्चर सेवा, योग परामर्श सेवा, क्रियाकलाप सेवा, पूर्वकर्म-पञ्चकर्म सेवा, क्षारसूत्र सेवा, जलौका सेवा, अग्निकर्म सेवा र प्रयोगशाला सेवा दिँदै आएको छ । स्वास्थ्य केन्द्रमा दैनिक ७० जना सेवा लिन आउने गरेका छन् ।

केन्द्रबाट आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा १ हजार ९ सय ७० जना सेवाग्राहीको जाँच गरेको थियो । यस्तै, भदौ महिनामा १ हजार ६ सय ३१ जना, असोज महिनामा १ हजार ९ सय ८३ जना, कार्तिक महिनामा २ हजार १७ जना, मंसिर महिनामा १ हजार ९ सय ८३ जना, पुस महिनामा १ हजार ७ सय ३१ जनाले आयुर्वेद स्वास्थ्य सेवा प्राप्त गरेको केन्द्रका वरिष्ठ वैद्य तथ्याङ्क फोकल पर्सन प्रेमशंकर प्रसादले जानकारी दिनुभयो । माघ महिनामा १ हजार ८ सय ३२ जना, फागुन महिनामा १ हजार २ सय ५७ जना, चैत महिनामा १ हजार १ सय ९१ जना र वैशाख महिनामा ९ सय ५३ जनाले स्वास्थ्य जाँच गराएका थिए । औषधी कम भएका कारण बिरामीको चाप कम भएको भन्दै औषधी आएपछि फेरि बिरामीको चाप बढ्ने प्रसादले बताउनुभयो ।

आर्थिक वर्ष २०८०/०८१ मा केन्द्रमा १० हजार एक सय २८ जना नयाँ सेवाग्राही र पुनरावृत्त सेवाग्राही ६ हजार ३ सय ८० जना गरी १६ हजार ५ सय ८ जनाको नाम दर्ता भएको प्रसादले जानकारी दिनुभयो । यस्तै, केन्द्रको ओपीडी सेवाबाट १९ हजार एकसय ७१ जनाले स्वास्थ्य जाँच गरेका छन् । जाँच गर्नेमा ९ हजार ३ सय ६३ जना महिला र ९ हजार ८ सय ९ जना पुरुष रहेका छन् । ३ हजार ९ सय ८८ जना सेवाग्राहीले पूर्वकर्म-पञ्चकर्मको सेवा लिएका छन् । केन्द्रको शल्य चिकित्सा सेवाबाट एकसय ७२ जना लाभान्वीत भएका छन् ।

केन्द्रको योग सेवाको सुरु चरणमा ७ सय ६५ जना थिए भने योग सकिने बेला ४ सय ४२ जना मात्र रहेको प्रसादले बताउनुभयो । प्रसादका अनुसार केन्द्रको जेष्ठ नागरिक सेवाबाट एक हजार २ सय ५७ जना महिला र एक हजार एकसय ६६ जना पुरुषले सेवा लिएका छन् । जसमा ८ सय ५९ जनाले स्नेहन, ८ सय एक जनाले स्वेदनको सेवा प्राप्त गरेका छन् । केन्द्रले ७ सय ६३ जनालाई निःशुल्क रसायन औषधी वितरण गरेको छ । आयुर्वेद स्वास्थ्य केन्द्रले सेवाग्राहीलाई रोगअनुसार २३ वटा निःशुल्क औषधी प्रदान गर्ने गरेको छ ।

यस्तै, आयुर्वेद स्वास्थ्य केन्द्रले ३ सय ३५ जना स्तनपायी आमालाई निःशुल्क सहयोग गरेको छ । केन्द्रबाट ३ हजाार ३ सय ७५ जनाले नागरिक सेवा प्राप्त गरेका छन् । ९ सय ९ जनाले ल्याब सेवा पाएका छन् भने २ हजार १ सय ४८ जनाले थेरापी र १ हजार ९ सय ३७ जनाले सेवा पाएका प्रसादले बताउनुभयो । 'पहिले सेवाग्राहीहरु अस्पताल तथा मेडिकलमा गएर रोग निको नभएपछि आउनुहुन्थ्यो', डा. ललिता पाण्डेले भन्नुभयो- 'अहिले आयुर्वेदलाई पहिलो प्राथमिकतामा राख्नुभएको छ ।' स्वास्थ्य केन्द्रमा सेवासँगै सेवाग्राहीसमेत बढेका छन् भने सकारात्मक परिवर्तन आएको छ । पहिले ग्यास्ट्रिकको समस्याले मात्र आउने गरेका बिरामीहरु अहिले नशा, हाडजोर्नीजस्ता समस्याले आउने गरेको उहाँले बताउनुभयो । केन्द्रलाई स्थानीयको सहयोग रहेको उहाँको भनाइ छ ।

आयुर्वेद स्वास्थ्य केन्द्रमा डा. रमेशकुमार चौधरी, कन्सलटेण्ट डा. साइरस न्यौपाने र फिजिसियन डा. ज्योतिकुमारी शाहले जाँच गर्दै आइरहनु भएको छ । सेवाग्राही कमला तामाङका अनुसार उहाँले पहिलो प्राथमिकता आयुर्वेदलाई दिने गर्नुभएको छ । उहाँले मेडिकलभन्दा आयुर्वेद ठिक लाग्छ भन्दै सेवा गुणस्तर हुने बताउनुभयो । अर्का सेवाग्राही निकुञ्ज घिमिरेका अनुसार मेडिकलको २-३ डोज औषधीले ठिक गर्न नसकेको रोग आयुर्वेदको पहिलो डोजले ठिक पारेको छ । यस्तै, शारदा भट्टका अनुसार मेडिकलको सेवाले ठिक नगरेको रोग आयुर्वेदमा ठिक गर्न आएको बताउनुभयो । उहाँलाई आयुर्वेदमा जाँच गर्ने सेवाग्राहीले सुझाव दिएको बताउनुभयो ।

थाहा नगरपालिका, मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, बागमती गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र बकैया गाउँपालिकामा आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरको नागरिक आरोग्य केन्द्र रहेको छ । केन्द्रले १० महिनामा १ हजार ८ सय ९४ वटा घरभेट गरेको छ ।

# नदीको सतह बढ्दै, सतर्कता अपनाउन आग्रह

काठमाडौंः कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना भएसँगै केही नदीहरुमा पानीको बहाव बढ्न सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । जल तथा मौमस विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखाका अनुसार हाल नारायणी नदीमा पानीको बहाब बढेसँगै सतर्कता अपनाउन निर्देशन गरिएको छ ।

बाढीविद् जोशन महर्जनले चितवन आसपासका क्षेत्रमा भारी वर्षा भइरहेकाले त्यस क्षेत्र आसपासका नदी किनारमा उच्च सतर्कता अपनाउन आवश्यक रहेको बताए । 'हामीले मुलुकभर यतिबेला कहाँ कहाँ भारी वर्षा भइरहेको छ, कहाँ कहाँ नदीको सतह बढिरहेको छ, अवलोकन गरिरहेका छौँ', उनले भने ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार बुधबार कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघ गर्जन-चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । यसैगरी महाशाखाकी मौसमविद् प्रतिमा मानन्धरले कोशी, मधेस, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जानकारी दिए ।

भारी वर्षाको सम्भावना भएको क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भू-क्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार उदयपुर, सिन्धुली, मकवानपुर, चितवन, लमजुङ, कास्की, पर्वत, तनहुँ, स्याङ्जा आसपासका जिल्ला भई बहने स-साना नदीमा बहाब बढ्ने तथा केही साना नदीमा आकस्मिक बाढीको जोखिम रहने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आवश्यक रहेको जनाएको छ ।

महाशाखाद्वारा जारी बुलेटिनमा बुधबार कमला नदीमा बहाव बढ्ने र नदीको तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आवश्यक रहेको उल्लेख छ । आगामी तीन दिन कोशी र यसका प्रमुख सहायक नदी तमोर, अरुण, तामाकोशी, दूधकोशी तथा कन्काई र यसका सहायक नदीहरुमा जल सतह बढ्दै जाने पूर्वानुमान गरिएको छ । साथै, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, पाँचथर, धनकुटा, तेह्रथुम, ताप्लेजुङ, सङ्खुवासभा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, गोरखा, बागलुङ, पाल्पा, गुल्मी, म्याग्दी, प्यूठान, रोल्पा, सल्यान, रुकुम-पश्चिम, जाजरकोट, दैलेख, बझाङ, दार्चुला र आसपासका जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा सामान्य सतर्कता अपनाउन आग्रह गरिएको छ । *(स्रोतः रासस)*

## परनिर्भरता...

उत्पादित दूध, अण्डा र मासुजन्य पदार्थ पनि अर्गानिक हुन्छ ।

अर्गानिक हुनका लागि अर्गानिक बालीले संयुक्त राष्ट्र संघको कृषि विभागले कायम गरेको मापदण्ड पूरा गरेको हुनुपर्छ । यी मापदण्डमा सबै बालीहरु सिन्थेटिक कीटनाशक, कृत्रिम मल, विकिरण र बायोटेक्नोलोजीको प्रयोग नगरी उत्पादन गरिएको हुनुपर्छ ।

एन्टिबायोटिक वा सिन्थेटिक वृद्धि हर्मोनको प्रयोग नगरी जनावर हुर्काइएमा पशुजन्य उत्पादनहरु अर्गानिक मानिन्छन् । यी पशु बन्द ठाउँमा नभई बाहिरी खुला स्थानमा चराइएको हुनुपर्छ ।

### बजारमा पाइने अर्गानिक खानेकुरा साँच्चै अर्गानिक हुन्छ त ?

बजारमा पाइने अर्गानिक भनिएका सबै खानेकुरा अर्गानिक हुन्छन् भन्ने जरुरी छैन । किनकि अर्गानिकप्रतिको मोह बढेसँगै अर्गानिक रूपले उत्पादन नभएका खानेकुरालाई पनि अर्गानिक भनेर बेचेको पाइन्छ ।

अर्गानिक खानेकुरा उत्पादन गर्न एउटा निश्चित प्रक्रियाबाट गुज्रिनुपर्छ । उत्पादन अर्गानिक हो भनेर प्रमाणीकरण गर्नुपर्छ । 'अर्गानिक सर्टिसफिकेसन नेपाल' लगायत संस्थाबाट अर्गानिक सर्टिफिकेट प्राप्त गरेको हुनुपर्छ ।

हुन त विभिन्न समयमा सरकारले पनि अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्ने गरेको छ । राष्ट्रिय कृषि नीति २०६४ ले पनि अर्गानिक खेतीलाई प्रवर्द्धन गर्नुपर्छ भनेको छ । तर अर्गानिक खेती र अर्गानिक उत्पादनको नियमन गर्ने निकाय नभएकाले बजारमा अर्गानिक भनेर बिक्री भएका सबै कुरा अर्गानिक नहुन सक्छन् ।

### त्यो अर्गानिक हो भनेर कसरी थाहा पाउन सकिन्छ ?

बजारमा अर्गानिक भनेर धेरै उत्पादन बिक्री वितरण भइरहेको छ । तर त्यो उत्पादन साँच्चै अर्गानिक हो कि हैन भनेर थाहा पाउन उपभोक्ताले दुईवटा कुरामा ध्यान दिन सक्छन् । पहिलो त उत्पादन अर्गानिक हो भनेर थाहा पाउन त्यसको सर्टिसफिकेसन हेर्नुपर्छ । उत्पादन अर्गानिक हो भने 'अर्गानिक सर्टिसफिकेसन नेपाल' वा अन्य आधिकारिक संस्थाबाट मान्यता प्राप्त गरेको हुन्छ ।

अर्को भनेको उत्पादन अर्गानिक हो भन्ने कुरा थाहा पाउन लेबल हेर्न सकिन्छ । कतिपय उत्पादनमा अर्गानिक हो भन्ने कुरा लेबलमा लेखिएको हुन्छ ।

### अर्गानिक उत्पादनको सेवनले के कस्तो फाइदा हुन्छ ?

अर्गानिक खानाको सबैभन्दा ठूलो विशेषता भनेको शरीरमा कुनै साइड-इफेक्ट नहुनु हो । यसमा कुनै पनि रसायन, कीटनाशक, औषधि वा संरक्षक प्रयोग गरिएको हुँदैन । जसले गर्दा यस्ता खानामा भिटामिन, मिनरल्स, प्रोटिन, क्याल्सियम, आइरन जस्ता आवश्यक तत्वहरु विषादी प्रयोग भएको खानामा भन्दा केही मात्रामा बढी हुन्छ ।

विभिन्न अध्ययनहरुको अनुसार बालीमा प्रयोग भएका रसायनहरुले मेटाबोलिक समस्या, हर्मोनल समस्या र क्यान्सरजस्ता विभिन्न खालका स्वास्थ्य समस्या उत्पन्न हुन सक्छन् । अर्गानिक खानाको सेवन गर्दा यस्ता रोगको जोखिमबाट बच्न सकिन्छ ।

अर्गानिक खेतीमा उब्जिने फलफूल र तरकारीहरुमा कीटनाशक नहुँदा एन्टिअक्सिडेन्टहरु बढी हुन्छन्, जसको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ र विभिन्न रोगको जोखिम कम हुन्छ ।

अर्गानिक रूपमा उत्पादन गरिएका फलफूल, तरकारी र मासुजन्य उत्पादन वातावरणमैत्री पनि हुन्छन् । किनभने ती खानेकुरा उत्पादन गर्न र वृद्धि गराउन कुनै पनि रसायनको प्रयोग गरिएको हुँदैन ।

कीटनाशक विषादी, हर्बिसाइड्स र हर्मोनहरूले कृषि र वातावरणजन्य नोक्सानी हुनेगरी नदी, माटो र हावालाई दूषित बनाउन सक्छन् । जैविक खेतीमा यस्ता रासायनिक पदार्थ प्रयोग नहुने भएकाले यसले वातावरणलाई पनि स्वस्थ राख्न सहयोग गर्छ ।

*(स्रोतः अनलाईखबर)*

# घनश्यामलाई झलनाथको समर्थन

काठमाडौंः नेकपा एकीकृत समाजवादीको नयाँ नेतृत्वमा महासचिव घनश्याम भूसाललाई अगाडि बढाउन पूर्वप्रधानमन्त्री झलनाथ खनाल सहमत भएका छन् । यसअघि खनालले आफै पार्टी अध्यक्षको उम्मेदवार बन्ने सार्वजनिक दावी गर्दै आएका थिए । तर बुधबार बिहान आफ्नै निवास डल्लु आएका भूसाललाई पार्टी अध्यक्ष बन्न साथ दिने खनालले सहमति दिएका हुन् ।

'एकीकृत समाजवादीको नयाँ नेतृत्वमा अब घनश्याम भूसाल अगाडि बढ्नुहुन्छ । उहाँलाई नै झलनाथ खनालको साथ हुने भएको छ', छलफलमा सहभागी नेता नरेश शाहीले भने । सहमति अनुसार आगामी १६ असारदेखि काठमाडौंमा सुरु हुने दशौं राष्ट्रिय महाधिवेशनमा भूसाल पार्टी अध्यक्षको उम्मेदवार हुनेछन् । 'उहाँहरु दुवैले अध्यक्षको दाबी गरिरहँदा केही अप्ठ्यारो परिस्थिति बनेको थियो । अन्ततः झलनाथ खनालको उत्तराधिकारीका रुपमा घनश्याम भूसाल अगाडि बढ्ने सहमति भएको छ', खनाल निकट स्रोतले भन्यो ।

ती स्रोतका अनुसार भूसालले पनि खनाललाई आफू उत्तराधिकारीका रुपमा अगाडि बढ्ने प्रतिबद्धता गरेका छन् । तत्कालीन एमाले र २०७८ भदौमा बनेको एकीकृत समाजवादीभित्र खनाल र भूसालबीच निकटको सम्बन्ध थियो । तर एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनमा खनाल र भूसाल दुवैले अध्यक्षको दाबी गरेका थिए । दुवै नेताका पार्टीभित्र धेरै मानिस साझा थिए । त्यसैले खनाल र भूसाललाई मिल्न दबाब थियो ।

'लामै छलफल पछि एउटा टुंगोमा पुगेका छौं । अब माधव नेपालसँग पनि कुरा हुन्छ । सकेसम्म हामी घनश्याम भूसाल सर्वसम्मत अध्यक्ष बनाउन चाहन्छौं', एक पदाधिकारीले भने, 'यो महाधिवेशनबाट हामी सर्वसम्मत रुपमा नयाँ नेतृत्वको सन्देश दिने प्रयासमा छौं ।' तर अध्यक्ष माधवकुमार नेपालले भने फेरि पनि नेतृत्वमा निरन्तर रहन प्रयत्न गरिरहेका छन् । अध्यक्ष नेपालले सर्वसम्मति नभएर चुनाव लडेर भएपनि नेतृत्वमा रहनेगरी तयारी गरिरहेका छन् । चार दिनपछि नयाँ नेतृत्व चयन गर्नेगरी सुरु हुने महाधिवेशनमा १८ सय प्रतिनिधि सहभागी हुँदैछन् ।

*(स्रोतः अनलाइनखबर)*

**कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/११ मा प्रा. लि नं. २५३६३१ मा दर्ता रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. को मिति २०८१/०३/११ मा कम्पनीको एकल संस्थापकको विशेष साधारणसभा लगायत सञ्चालक समितिबाट स्वकृति प्राप्त भई साविकको नाम रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. परिवर्तन भई आर एस लाइफ स्टाइल्स प्रा.लि. अङ्ग्रेजीमा RS Lifestyles Pvt. Ltd. हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# सिआन पुनर्स्थापना केन्द्रलाई एक लाख रुपैयाँ पुरस्कार




*हेटौंडाको सिआन पूर्नस्थापना केन्द्रलाई केन्द्रका निर्देशक सौजन डिसी मार्फत काठमाडौंमा गृहमन्त्री रवी लामिछानेले सम्मान गर्नुहुँदै ।*

**समाज संवाददाता**

हेटौंडा: हेटौंडा-९, लामसुरेस्थित सिआन पुनर्स्थापना केन्द्रलाई एक लाख रुपैयाँ राशिको पुरस्कार प्रदान गरिएको छ। लागूपदार्थ दुर्व्यसनविरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा केन्द्रलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो ।

बुधबार काठमाडौंको भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयमा नेपाल सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले केन्द्रका निर्देशक सौजन डीसीलाई एक लाख रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गर्नुभएको छ । लागूऔषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापनाका लागि आर्थिक वर्ष २०८०/०८१ मा उत्कृष्ट संस्था बन्न सफल भएकाले नगद पुरस्कार र सम्मानपत्र प्रदान गरिएको केन्द्रका निर्देशक डीसीले बताउनुभयो ।

गृह मन्त्रालयले नेपालभरका पुनर्स्थापना केन्द्रहरुको अनुगमन गरेर लागूऔषध दुव्यर्सनी सचेतना, परामर्श, सरसफाई र स्वास्थ्यलाई मूल्यांकन गरेर हरेक वर्ष अन्तर्राष्ट्रिय लागूऔषध विरुद्धको दिवसको अवसरमा दुईवटा पुनर्स्थापना केन्द्रलाई सम्मान गर्ने गरेको निर्देशक डीसीले बताउनुभयो । लागूपदार्थ तथा मादकपदार्थमा फसेका व्यक्तिहरुलाई आवासीयरुपमा राखेर परामर्श र समाजमा पुनर्स्थापना सँगसँगै तरकारी बाली, गाईपालन, इलेक्ट्रिक, प्लम्बिङ र हस्तकलासम्बन्धी तालिम दिने गरेको उहाँले बताउनुभयो ।

गृहमन्त्री लामिछानेको प्रमुख आतिथ्य तथा गृहसचिव एकनारायण अर्यालको सभाध्यक्षतामा सम्मान समारोह भएको हो। सम्मान समारोहलाई सम्बोधन गर्नुहुँदै गृहमन्त्री लामिछानेले लागूऔषध दुर्व्यसन, सेवन र ओसारपसार लाई नियन्त्रण गर्न मन्त्रालयले आवश्यक कानुन बनाउने र ठोस कदम चाल्ने बताउनुभयो । कार्यक्रममा शिक्षामन्त्री सुमना श्रेष्ठ, युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठलगायतको विशिष्ट आतिथ्य रहेको थियो ।

# लोकतन्त्र बलियो बनाउन सञ्चार माध्यमले भूमिका खेल्नुपर्ने

**समाज संवाददाता**

हेटौँडा: बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगा नारायण श्रेष्ठले लोकतन्त्रलाई बलियो बनाउन सञ्चार माध्यमले भूमिका खेल्नुपर्ने बताउनुभएको छ । लोकतन्त्र बलियो भए सञ्चार क्षेत्र सशक्त बन्न सक्ने उहाँले बताउनुभयो ।

हेटौँडामा आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेशको आयोजनामा सेवा प्रवाह तथा सुशासन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री श्रेष्ठले प्रेसले सार्वजनिक सेवा प्रवाह र सुशासनको विषयलाई प्रभावकारी बनाउन तथा नागरिकहरु माझ पु¥याउन भुमिका खेल्नुपर्ने बताउनुभयो। राज्य संस्थाका व्यक्तिहरुको गलत धारणाका कारण प्रेसलाई आतंकका रुपमा लिने गरेको उहाँको भनाई छ ।

'लोकतन्त्र र संचार माध्यम एक अर्काका परिपूरक हुन् । लोकतन्त्र बलियो बनाउन संचारको महत्वपूर्ण भूमिका रहन्छ। लोकतन्त्र बलियो भयो भने संचार संस्था बलियो हुन्छ। राज्य र सरोकारवाला पक्षको भूमिका जिम्मेवारीपूर्वक लोकतन्त्र र पत्रकारिता क्षेत्रलाई बलियो बनाउने तर्फ हुनुपर्छ ।', मन्त्री श्रेष्ठले भन्नुभयो, 'पछिल्लो समय मिसन पत्रकारिताका नाममा सामान्य मुल्य मान्यता र पत्रकारिताको आचारसंहिता विपरितका काम भइरहेको छ । पत्रकारहरुले कसैको प्रभावमा आएर काम गर्नु हुँदैन । जिम्मेवार पत्रकारिता अहिलेको आवश्यकता हो ।'

उहाँका अनुसार प्रदेश सरकारको संस्थागत स्थायित्व हुन सकेको छैन । सेवा प्रवाह र सुशासनको प्राथमिकता भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता रहेको उहाँको भनाई छ। प्रदेश सरकारले नीतिगत रुपमा व्यवस्था गर्दै गुड गभर्नेन्सका लागि तयारी गरिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले सेवा प्रवाहलाई गुनासोर हित र कमजोरी हुन नदिन जिल्लास्तरमा संरचना विकास गरिरहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । सरकारले प्रदेशको संस्थागत स्थायित्वका लागि भौतिक पूर्वाधारसँगै ऐन, कानुन निर्माण, परिमार्जन, सेवा प्रवाहको प्रभावकारिता र परिणाममुखी कार्यक्रम कार्यान्वयनमा सरकार केन्द्रीत भएको उहाँको भनाई थियो ।

'प्रदेश सरकार नयाँ संरचना हो । संघीयतापछि निर्माण भएका तीन तहका सरकारको बाध्यता र सिमाहरु रहेका छन्। प्रदेश सरकारसँग पर्याप्त संरचना र मानव संशाधनमा कमजोर रहेको छ । त्यसका बावजुद पनि प्रदेश सरकार सेवाप्रवाह र सुशासन कायम गर्न प्रयत्नरत रहेको छ। प्रदेश सरकारले संघीयत कार्यान्वयनको ७ बर्षको अवधिमा संरचनागत सुधार र संस्थागत विकासमा काम गरिरहेको छ । हाम्रो काम भौतिक विकासमा केन्द्रीत भएको जस्तो देखिए पनि सेवा, प्रशासन, सुशासन लगायतका क्षेत्रमा पनि काम भएका छन्', उहाँले भन्नुभयो ।

कार्यक्रममा मन्त्रालयकी कानुन महाशाखा प्रमुख उपसचिव मनुका घिमिरेले कानुन निर्माणको प्रक्रियाका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। उहाँले प्रदेश सरकार र संसदको कानुन निर्माणको प्रक्रिया, प्रदेश सरकारले निर्माण गरेका कानुन, कानुन निर्माणका समस्या र चुनौति तथा संचारकर्मीले खेल्नुपर्ने भूमिकाका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा संचारकर्मी तथा मकवानपुर बहुमुखी क्याम्पसका सहायक प्राध्यापक सुरेश श्रेष्ठले सेवा प्रवाह र सुशासनमा संचारकर्मीको भूमिकाका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले संचार माध्यम र संचारकर्मीहरुको अवस्था, राज्यको सेवा प्रवाहमा प्रशासनको स्थितिका विषयमा प्रस्तुतीकरण गर्नुभयो । उहाँले राज्यका संरचनाहरु सेवा प्रवाहमा जवाफदेही तथा पारदर्शी हुनुपर्ने, पत्रकारहरुले सेवा प्रवाहको अवस्थाको वास्तविक चित्र नागरिकहरु माझ सार्वजनिक गर्नुपर्ने, आचारसंहितामा रहेर सरकार तथा सार्वजनिक सेवा प्रवाह कर्तालाई निरन्तर खबरदारी गर्नुपर्ने बताउनुभएको थियो। कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले सञ्चार क्षेत्रले नागरिकको आवाज बोलिदिनुपर्ने, चौथो अंगको रुपमा राज्यका व्यवस्थापिका र कार्यपालिकाको पहरेदारी गर्नुपर्ने बताउनुभयो।

# खुला सिमानाले लागूऔषध दुर्व्यसनी बढ्यो: कानुनमन्त्री श्रेष्ठ



*जिल्ला प्रहरी कार्यलय मकवानपुरले आयोजन गरेको लागुऔषध दुर्वयसनीको कार्यक्रमलाई सम्बोधन गर्नुहुदै कानुन मन्त्री गङ्गा नारायण श्रेष्ठ ।*

**समाज संवाददाता**

हेटौंडा: बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले खुला सिमानाका कारण लागूऔषध दुव्यर्सनी बढेको बताउनुभएको छ । बुधबार अन्तर्राष्ट्रिय लागूपदार्थ अवैध तस्करी विरुद्धको दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरले आयोजना गरेको लागूपदार्थ दुर्व्यसनी विरुद्धको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कानुनमन्त्री श्रेष्ठले खुला सिमानाका कारणले लागूपदार्थको ओसार पसार बढिरहेको भन्दै न्यूनीकरण गर्ने कार्यमा सबै लाग्नुपर्ने बताउनुभएको हो ।

स्थानीयस्तरमा घटेको घटनाहरुलाई बुझेर लागूऔषध दुव्यर्सनीलाई कम गर्न सबै जिम्मेवार बन्न आवश्यक रहेको उहाँले बताउनुभयो। समाजका मानिसहरुले किन लागूऔषधको सेवन गरिरहेका छन् ? भन्ने कुरा बुझेर घरपरिवारका सदस्यहरु जवाफदेही र जिम्मेवार बन्नुपर्ने उहाँले बताउनुभयो । लागूऔषध विरुद्ध सचेतनामूलक कार्यक्रम आयोजना गर्नका लागि बढी बजेट परिचालन गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

गाँजालाई नशाका लागि भन्दा पनि औषधीको रुपमा प्रयोग गर्नुपर्ने उहाँले बताउनुभयो । मानिसहरुले यसलाई किन व्यवसायको रुपमा प्रयोग गरिरहेका छन् भन्ने कुरालाई बुझेर कानुनीरुपमा नियमन गर्नुपर्ने उहाँको भनाइ छ । लागूऔषध दुर्व्यसनी न्यूनीकरण गर्न विद्यालयस्तरबाट नै सचेतनामूलक कार्यक्रम गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । प्रदेश सरकारमार्फत् आगामी आर्थिक वर्ष २०८१/०८२ मा चालु आर्थिक वर्ष २०८०/८१ भन्दा बढी बजेट विनियोजन गरिने उहाँले बताउनुभयो ।

एकीकृत र केन्द्रिकृतरुपमा परिवार, समाज सबैले आफ्नो दायित्व पूरा गर्नुपर्ने उहाँको भनाइ छ । किशोरकिशोरी तथा युवायुवतीमा यसको नकारात्मक असर बढी देखिने भएकाले सबै युवाहरु निडर भएर यसको न्यूनीकरणका लागि पहल गर्नुपर्ने उहाँले बताउनुभयो। विद्यालयका बालबालिकाहरुले समाज, प्रदेश, देशमा लागूऔषधको कारण बढेको नकारात्मक घटनालाई बुझेर र आफ्नो भविष्यको बारेमा चिन्ता गरेर यसबाट टाढा रहन आवश्यक रहेको उहाँले दावी गर्नुभयो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थबहादुर चिलुवालले विसं २०७६ सालको तथ्यांक अनुसार धेरै मानिसहरु लागूऔषध दुर्व्यसनीमा फसेको बताउनुभयो । मकवानपुर जिल्लाको सन्दर्भमा बढी मात्रामा लागूऔषधको सेवन र ओसारपसारका कारण भीमफेदी कारगारमा कैदीहरुको संख्या बढिरहेको उहाँले बताउनुभयो । लागूऔषधका कारण कार्यस्थलमा मात्र नभई परिवारमा पनि नकारात्मक असर परिरहेको उहाँले बताउनुभयो ।

प्रदेश, स्थानीय र संघीय सरकारले यस विषयमा अनुसन्धान गरेर शिक्षक र विद्यार्थीहरुबीचको कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक रहेको उहाँले औंल्याउनुभयो । प्रदेश सरकार र राज्यले यसको विषयमा राम्ररी अनुसन्धान गरेमा यसलाई न्यूनीकरण गर्न सकिने उहाँले दावी गर्नुभयो । मासिनहरु यसको कुलतमा फसेका कारण राज्यले थुप्रै कुराहरु गुमाउनुपरेको बताउनुहुँदै यसको कारणले व्यक्तिगत व्यवहारमा नकारात्मक परिवर्तन आएको उहाँको धारणा छ ।

कानुनमन्त्री श्रेष्ठको प्रमुख आतिथ्य तथा प्रमुख जिल्ला अधिकारी चिलुवालको सभाध्यक्षमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामालगायतको आतिथ्य रहेको थियो। कार्यक्रमम विभिन्न विद्यालयका विद्यार्थीहरुको पनि सहभागिता रहेको थियो ।

# २० जनाले गरे रक्तदान

**समाज संवाददाता**

हेटौँडा: मदन भण्डारीको ७३ औं जन्मजयन्तीमा बुधबार हेटौँडामा रक्तदान कार्यक्रम भएको छ । मदन भण्डारी फाउण्डेशन मकवानपुरको आयोजनामा हेटौँडा-१ स्थित रक्तसञ्चार केन्द्रमा भएको कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा १८ जना पुरुष र २ जना महिलाले रक्तदान गरेका छन् । फाउण्डेशनका अध्यक्ष रघुनाथ खुलालको सभाध्यक्षमा कार्यक्रम भएको हो ।

# ३ जिल्लामा ३ जना मृत फेला

**समाज संवाददाता**

हेटौंडा: बागमती प्रदेशको ३ जिल्लामा एकैदिन ३ जना मृत अवस्थामा फेल परेका छन् । प्रदेशको चितवन, सिन्धुपाल्चोक र रामेछाप जिल्लामा एकैदिन ३ जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-७, गौतमचोकमा एक जना पुरुष मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा चितवन माडी नगरपालिका-६ घर भई चितवन फुटसलमा काम गर्ने २३ वर्षीय अखिल सापकोटा रहेको प्रहरीले जानकारी दिएको छ । सापकोटा मंगलबार दिउँसो बेडमा सुतिराखेको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको सांगाचोकगढी नगरपालिका-१, चंलाङ्गे भिरको खोचमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा जुगल गाउँपालिका-१, लामीडाँडा बस्ने ३२ वर्षीय दीपक गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ ।

गुरुङ गत सोमबार बिहान ३ बजेको समयमा आफ्नै घरबाट निस्की हिँडेको र सम्पर्कमा नआएको भनी आफन्तले मंगलबार बिहान प्रहरीमा खबर गरेका थिए । खबरपश्चात् प्रहरी, स्थानीय र आफन्तसहितको टोलीले खोजतलास गर्दै जाँदा सोहि दिन दिउँसो १ बजेर ४० मिनेटको समयमा चंलाङ्गे भिरको खोचमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै, दोलखा जिल्लाको मेलुङ गाउँपालिका-१, पोवटीमा पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ९ वर्षीय जेम्स तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार तामाङ घरदेखि ४० मिटर टाढा रहेको पोखरीमा खेल्ने क्रम्मा डुबी अचेत अवस्थामा फेला परेका थिए । तामाङलाई उपचारका लागि स्थानीय स्वास्थ्य चौकी पोवटीमा पु¥याउँदा स्वास्थ्यकर्मीले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# एसईई नतिजा आज सार्वजनिक हुँदै

काठमाडौं: माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा आज बिहीबार बिहान १० बजेसम्म प्रकाशन हुने भएको छ । बुधबार नै नतिजा सार्वजनिक गर्ने गरी राष्ट्रिय परीक्षा बोर्ड बैठक बसेको थियो । तर केही प्राविधिक तयारी नपुगेकाले बिहीबारमात्रै नतिजा सार्वजनिक गर्ने निर्णय भएको परीक्षा नियन्त्रक (कक्षा १०) नन्दलाल पौडेलले जानकारी दिए ।

'आजै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेका थियौं । अहिले पनि त्यसकै डेमो गरिरहेका छौं । हस्ताक्षरसहित सबै प्रक्रया पूरा गर्दा रात पर्ने भयो', पौडेलले भने, 'भोलि बिहान ७ बजे फेरि बोर्ड बैठक बोलाएका छौं । त्यसपछि नतिजा सार्वजनिक गर्ने तयारी छ ।'

१५ चैत्रदेखि २७ चैतसम्म भएको एसईई परीक्षामा देशभरका ५ लाख ४ हजार ४१४ विद्यार्थी सहभागी थिए । बोर्डले यस वर्षदेखि लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गर्नेछ। जसमा सैद्धान्तिक र आन्तरिकको मूल्याङ्कन फरक-फरक रूपमा गर्ने व्यवस्था छ ।

विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ ।

लेटर ग्रेडिङ निर्देशिकाअनुसार सैद्धान्तिक र आन्तरिकतर्फ प्राप्त अंकलाई ग्रेडमा रूपान्तरण गरिनेछ। तर, विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ पूर्णांकको परीक्षा हुने विषयमा ३५ प्रतिशत अर्थात् २६.२५ अंक पाएको छैन भने प्रमाणपत्रमा एनजी (नन ग्रेडेड) उल्लेख हुनेछ। र ग्रेड वृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन् ।

साथै कुनै एक विषयमा आन्तरिकतर्फ १० र सैद्धान्तिकतर्फ न्यूनतम २६.२५ अंक नल्याएको अवस्थामा विद्यार्थीले मूल प्रमाणपत्र नपाउने बोर्डले जनाएको छ। विद्यार्थीले २ विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउनेछन् । दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष एनजी लागेको विषयमा मात्र परीक्षा दिन पाउनेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# आंशिक काम खोज्दै विद्यार्थीहरु

**समाज संवाददाता**

हेटौंडा: हेटौंडामा विद्यार्थीहरु आंशिक कामको खोज्न संगठित भएर अघि बढेका छन् । बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै आंशिक काम समन्वय समिति मकवानपुरका अध्यक्ष सुजल टिब्रेवालले कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई आंशिक काम गर्ने व्यवस्था गर्न आफूहरु संगठित भएर लागेको बताउनुभयो ।

पत्रकारहरुसँग कुराकानी गर्नुहुँदै अध्यक्ष टिब्रेवालले मकवानपुरमा रहेका आम व्यवसायी, सरकारी कार्यालय, राजनीतिक पार्टी, सामाजिक संघ संगठन, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ र प्याब्सनलाई आफूहरुको अभियानलाई सफल पार्न अनुरोध गर्नुभयो । कलेजमा अध्ययनरत विद्यार्थीहरुले पढेर बाँकी बसेको समयमा काम गरी आफ्नो खर्च आफैं व्यवस्थापन गर्ने र व्यवहारिक जीवन जिउने कला सिक्न यसले मद्दत पुग्ने उहाँको भनाइ छ । आफूहरु नेपाल सरकारको न्यूनतम वेतन निर्धारण समितिले तोकेबमोजिम पार्ट टाइम कामको प्रतिघण्टा ९६ रुपैयाँको दरले काम गर्न सहमत भएको उहाँले बताउनुभयो।

राज्यको दायित्व विद्यार्थीलाई पढ्दै कमाउँदै व्यवस्था गर्नुपर्ने भएपनि आफूहरु आफ्नो पनि दायित्व सम्झेर संगठित भएर काम गर्न सुरु गरेको अध्यक्ष टिब्रेवालले बताउनुभयो । बेरोजगार विद्यार्थीहरुको विवरण संकलन गरी उनीहरुको सीप, दक्षताको प्रमाणपत्रको आधारमा काममा सहभागी गराउन समितिले पहल गर्ने उहाँले बताउनुभयो । उहाँले आफूहरुसँग लेखापाल, प्लम्बिङ, सर्भिसलगायत क्षेत्रका लागि जनशक्ति रहेको बताउनुभयो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ